नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## कर्मचारी कल्याण शाखा

पत्र संख्या : ०७९/०८०
चलानी नं. : १६६

मिति:२०७९/१२/०१

श्री संवैधानिक आयोगहरु/संघीय मन्त्रालयहरु/विभाग/कार्यालय/निकायहरु सबै

श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु (७ वटै प्रदेश)

श्री स्थानीय तहहरु (७५३ वटै)

विषय: प्रतिभा वा आइडिया पठाउन परिपत्र गरिदिने सम्बन्धमा ।

यस मन्त्रालयको चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिभा डबली (Talent Forum) स्थापना गरी राष्ट्रसेवक निजामती कर्मचारीको नीति तर्जुमामा सहयोग, नीति कार्यान्वयन, सेवा प्रवाह तथा विकास निर्माण लगायत सार्वजनिक सरोकारका विषयमा कार्यसम्पादनको सिलसिलामा वा सोका अतिरिक्त आफूमा अन्तर्निहित प्रतिभाको उजागर गर्दै उत्तम नतिजा हासिल गर्ने अवसर प्रदान गर्ने गरी प्रतिभा डवली कार्यक्रम संचालनमा रहेको व्यहोरा सहर्ष जानकारीका लागि अनुरोध छ । यस कार्यक्रमबाट कर्मचारीको प्रतिभा वा आइडियाले सार्वजनिक महत्व राख्न सक्ने भएकोले **ताँहा र मातहत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई** आफ्ना प्रतिभा वा आइडियालाई संलग्न सूचना बमोजिमको अनलाइन प्रणाली मार्फत् फाराम भरी अडियो तथा भिज्यूयल समेत अपलोड गरी प्रस्ताव पेश गर्नका लागि जानकारी गराईदिनु हुन तथा संलग्न सूचना आफ्नो मन्त्रालयको वेबसाइटमा upload गरिदिनु भै सहजीकरण गरिदिनु हुन यस मन्त्रालय मिति २०७९/११/२८ को निर्णयानुसार अनुरोध गरिन्छ ।

साथै उक्त सूचना तथा स्वीकृत प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ यस मन्त्रालयको वेबसाइट www.mofaga.gov.np मा प्रकाशित गरिसकिएको छ ।

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सूचना वेबसाइटमा राखिदिने ।

(हरि नारायण शर्मा)
शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं ०१-४२००३०९
इमेल: emp.welfare.section@mofaga.gov.np वेबसाइट: http://www.mofaga.gov.np